# धर्मदेवी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
मुढेशनिश्चरे, सङ्खुवासभा
कोशी प्रदेश, नेपाल

सेवा करारमा कर्मचारी पदपूर्ति गर्ने सम्बन्धी सूचना

प्रथम पटक सूचना प्रकाशित मितिः-२०८३।५।१

यस नगरपालिका कार्यालयको पदपूर्ति समितिको दरखास्त आह्वान गर्ने सम्वधी मिति २०८३।४।२९ गतेको निर्णयानुसार तपसिलका पदमा सेवा करारमा कर्मचारी पदपुर्ति गर्नुपर्ने भएकाले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले रीतपूर्वक तोकिएको म्यादभित्र दरखास्त पेस गर्नुहुन सम्वन्धित सवैको जानकारीका लागि अनुरोध छ।

तपसिलः-

| क्र.स. | बिज्ञापन नं | पद | सेवा/समुह/तह | माग सङ्ख्या | कैफियत |
|---|---|---|---|---|---|
| १. | १।०८३-८४ | जनस्वास्थ्य अधिकृत | स्थानीय स्वास्थ्य/हेल्थ इन्सपेक्सन/ अधिकृतस्तर सातौं | १ | "म स्वस्थ, मेरो समुदाय स्वस्थःघरटोलमा स्वास्थ्य प्रवर्द्धन कार्यक्रम" |

१.न्युनतम शैक्षिक योग्यताः-

- मान्यता प्राप्त शैक्षिक संस्थाबाट जनस्वास्थ्य विषयमा स्नातक तह उपाधि प्राप्त गरी सम्बन्धित व्यवसायी परिषद्मा नाम दर्ता वा नवीकरण भएको हुनुपर्नेछ।

२.दरखास्त साथ पेस गर्नुपर्ने आवश्यक कागजातः-

सम्पूर्ण शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि,नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, कार्य अनुभव खुल्ने कागजातको प्रतिलिपि, ३ प्रति पासपोर्ट साईजको फोटो, सम्बन्धित व्यवसायी परिषद्मा दर्ता वा नवीकरण भएको र पेस गरेको सम्पूर्ण कागजातमा उम्मेद्वार स्वयंले प्रमाणित गरेको हुनुपर्नेछ।

३.दरखास्त दिने स्थानः- धर्मदेवी नगरपालिका,नगर कार्यपालिकाको कार्यालय,मुढेशनिश्चरे,सङ्खुवासभा।

४.दरखास्त दिने अन्तिम मितिः- मिति २०८३।५।२२ गते कार्यालय समय भित्र ।

५.उमेरः- १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको ।

६.आवेदन दस्तुरः- रु १,२००।– धर्मदेवी नगरपालिकाको कार्यालय वा वडा कार्यालयहरुमा *Sutra Revenue Module,SuTRA Revenue Model Bank Interface* वा *Local Level Revenue Portal (LLRP)* बाट बुझाउन सकिनेछ।

७.परीक्षाको किसिमः- लिखित र अन्तर्वार्ता ।

८.परीक्षाको मितिः- पछि प्रकाशित गरिनेछ ।

९.आवेदन फारम धर्मदेवी नगरपालिकाको *website:-https://dharmadevimun.gov.np* मा उपलब्ध रहेकोछ।

१०.यसमा उल्लेख नभएका विषयहरु प्रचलित कानुन बमोजिम हुनेछ।

प्रमुख प्रशासकीय अधिकृत

☎फोन नं.:०२९-४१४००६, ०२९-४१४००७, ०२९-४१४००८, gmail : dharmadevimun@gmail.com, website : www.dharmadevimun.gov.np

"स्वच्छ,सुन्दर घर, गाउँ, शहर, विकास र समृद्धि धर्मदेवीको रहर"

प्रकाश गुरुङ
प्रमुख प्रशासकीय अधिकृत